**पावल- तिमोथी गोठालोको अध्ययन ख्रीष्टमा बढ्नु, एच. 5 ए.**

# स्तिफनस, आत्माले भरिपूर्ण मानिस

पवित्र आत्माले हामीलाई परिवर्तन अनि अगुवाईगरुन

जसले नानीहरुलाई सिकाउँछन अध्ययन एच. 5 ख पढ्नु पर्छ।



**प्रार्थना!** पवित्र आत्माले तपाईको मनलाई नयाँ शान्तीले भर्न अति तपाई येशूझैं हुनलाई बिन्ति गर्नु हवस।

**पृष्टभूमि।** यहून्ना 14:16 मा येशूले यसो भन्नु भएको छ कि उहाँ स्वर्गमा फर्किजानु हुन्छ अनि उहाँको स्थान लिनलाई अर्को सहायक पठाउनुहुनेछ। प्रभु येशूको झैं पवित्र आत्माको संसारिक शरीर छैन्। पवित्र आत्मा हामी भित्र वास गर्नुहुन्छ (1 कुरिन्थी 6:19; यूहन्ना 14:17)। उहाँ कहाँ हुनुहुन्छ? तपाई भित्र। उहाँले तपाईलाई डोरयाउनु हुन्छ। तपाईले अरुलाई सिकाउदाँ उहाँले सहायता गर्नुहुन्छ। के सही के गलत उहाँले तपाईलाई देखउनु हुनेछ (यूहन्ना 16:8–13)।

## 1. पवित्र आत्माले हामीभित्र काम गर्नलाई स्तिफनसबाट सिकौं

यरुशलेमको मण्डलीमा स्तिफनसको काम के थियो **प्रेरित 6:1–7** मा पाउनु हुन्छ

कस्ता किसिमका मानिसहरुलाई यो कामको निम्ति तिनीहरुले चुने **प्रेरित 6:3** मा पाउनुहुन्छ।

कस्ता किसिमका मानिसहरुले स्तिफनसको विरुद्धमा साक्षी दिए **प्रेरित 6:8–16** मा पाउनुहुन्छ।

स्तिकनसको भाषणमा इस्राएलीहरू को इतिहासको बहाऊलाई पैलाउनुहोस् **प्रेरित 6** अध्याय।

स्तिपनसको वचनहरुलाई गुरुहरुले कस्तो प्रकारको प्रतिक्रिया जनाए, **प्रेरित 7:57–59** या पाउनुहुन्छ।

स्तिफनसले तिनीहरुको रिस र आक्रमणलाई कसरी सामना गरे **प्रेरित 7:60** मा पाउनुहुन्छ।

जसले ख्रीष्टमा विश्वास गर्दछ त्यसको निम्ति पवित्र आत्माको आठ कुराहरु, पत्ता गर्नुहोस्:

1) उहाँले हामीलाई संझना गर्नमा सहायता गर्नुहुन्छ **यूहन्ना 14:26 मा।**

2) हाम्रो बारेमा उहाँले हामीलाई के देखउनु हुन्छ **यूहन्ना 16:8 मा।**

3) के गर्नको निम्ति हामीलाई उहाँले शक्ति दिनु हुन्छ, **प्रेरित 1:8 मा।**

4) हाम्रो निम्ति उहाँले के गर्नु हुन्छ, **रोमी 8:12–14 मा।**

5) केको निम्ति उहाँले हामीलाई आश्वासन दिनुहुन्छ। **रोमी 8:15–17 मा।**

6) उहाँले हाम्रो अनन्तकाल मुक्तिको निश्चय कसरी गर्नुहुन्छ **एफिसी 1:13–14 मा।**

7) सेवाको निम्ति उहाँले हामीलाई कसरी सुसज्जीत पार्नुहुन्छ, **1 कुरन्थी 12:1–12 मा।**

8) उहाँले हामीलाई संघैभरी कहाँ राख्नु हुन्छ **1 कुरिन्थी 12:13 मा।**

**उत्तरहरु:**

1) पवित्र आत्माले हामीलाई सबै कुरा सिकाउँनुहुन्छ (हाम्रो मनलाई प्रकाशीत गर्दछ)

2) उहाँले हाम्रा पापलाई देखाउँदछ,

3) ख्रीष्टको साक्षीलाई असर पार्ने उहाँले हामीलाई शक्ति दिनु हुन्छ,

4) उहाँले हामीलाई नयाँ अनि पवित्र जीवन दिनुहुन्छ (नयाँ जन्म, पुनर्जन्म, परमेश्वरमा पवित्र जीवन।)

5) हामी परमेश्वरका सन्तान अनि ख्रीष्टसित स्वर्गीय धनको हकवाला हौं भनि उहाँले आश्वासन दिनुहुन्छ।

6) उहाँले हामीलाई स्वर्गीय उत्तराधिकारीको निश्चयता दिंदै छाप लगाउनु हुन्छ।

7) ख्रीष्टको विश्वव्यापी शरीरमा उहाँले बप्तिस्मा दिनुहुन्छ।

8) शरीरको सुधार गर्न उहाँले हामीलाई विभिन्न बरदानहरु दिनुहुन्छ।

**2. अर्को साता विश्वासहिरुले के गर्नेछ त्यसको योजना सहकमीहरुसित बनाऊ होस्।**

- ती विश्वासीहरुलाई परिक्षण गर्नुहोस् जसले पवित्र आत्मा पाएका छन् भनेर पक्का गर्न सकेका छैनन्। तिनीहरुको निम्ति प्रार्थना गर्नुहोस अनि पवित्र आत्मा ग्रहण गर्नलाई प्रार्थना गर्न लगाउनुहोस्।
- यदि कसैले अहिले सम्मन पवित्र आत्माको कामलाई बुझन सकेका छैनन् भने उहाँले हामीलाई गर्नुहुने ती माथि दिएका आठ कुराहरु असल प्रकारले बुझाउनुहोस्।

**3. आउने आराधनाको समयको योजना सहकर्मीहरुसित बनाउनु होस्**

स्थानीय रिती र वर्तमान खँचोहरुलाई सुहाउँदो क्रियाकलाप गर्नोस।

आरधनाको समयमा हाम्रो परिवर्तन अनि विश्वासी नोकरहरु हुनलाई पवित्र आत्माको निम्ति प्रार्थना गर्नुहोस।

बिता साता पवित्र आत्माद्वारा मानिसहरुले पाएका चंगाइ अनि विजयको निम्ति परमेश्वरलाई प्रशंसा गर्नुहोस।

आत्माको फलहरु बारे कुरा-कानी गर्नुहोस वा गीत गाउनुहोस्। पवित्र आत्माको नौं वटा गुण बारे जो हामीमा उत्पन्न हुँदछ कविताको रुपमा सृजनात्मका व्यक्तिलाई लेख्न लगाउनुहोस्। ती सवै गलातीमा 5:22-23 छन्। विश्वासहरुले गाउन सक्ने गरी सबैले जान्ने रागमा ढाले हुन्छ।

स्तिफनसको कथा सुनाउनुहोस्। नानीहरुले पछि नाटकमा परिणत गरुन्।

प्रेरित 6 अनि 7 (भाग 1 देखि) तपाईले पाउनुभएको कुराहरु बारे विश्वासीहरुलाई प्रश्न गर्नुहोस।

पवित्र आत्माले हाम्रो हृदयलाई कसरी परिवर्तन गर्नुहुन्छ प्रदर्शन गर्नुहोस। दुई प्रौढ़हरुलाई जना पहरादारको पाठ दिनुहोस। खोज्नेले आफ्नो कमिजको अघिल्लो भागमा एउटा सर्पको चित्र कोरेको हुनपर्छ (यो चित्रलाई नकल गर्नुहोस् अनि मुटुको आकारमा काटनुहोस्।)



**पाले:** (एक छेउ उभेर ठूलो स्वरले कराउँछ)

**खोज्ने:** श्री पाले तर्फ बाड्दछ, सर्पलाई सबैले देख्न सकोस्। जोड्ले भन्नोस्, श्री पाले, मलाई स्वर्गको राज्यमा प्रवेश गर्न देओ।"

**पाले:** श्री खोज्ने, तिमीले यो दुष्ट कुरो तिम्रो हृदमा लिएर आउन सकदैनौं।"

**खोज्ने:** तर मेरो हृदयको पापहरु कसरी मैले निकाल्न सकछु?"

**पाले:** (1 यहून्ना 1:7-9 जोड् सित पढ्ने।)

**खोज्ने:** म मेरो पाप स्वीकार गर्छु अनि मलाई क्षमा गरीदिऊन भनि येशुलाई बिन्ती गर्छु (सर्पलाई देखाउँदै) तर यो नराम्रो कुरा जो म भित्र छ मैले कसरी हटाउन सक्छु?"

**पाले:** "यदपि तिम्रो पाप क्षमा भएता पनि, तिमी स्वर्ग मित्र पस्न सकने छैनौ जबकि यौ बुड्ो सर्प शैतानलाई तिमीले अझपनि मान्ने गर्छौ। तिमीले पवित्र आत्मालाई तिम्रो हृदय परिवर्तन गर्न दिनु पर्छ।" (गलाती 5:16-24 पढ्नुहोस।)

**खोज्ने:** "श्री पाले, मैले येशूलाई मेरा पापहरु उहाँकै रगतले सफा गरि दिऊन भनि विन्ति गरे। अब पवित्र आत्मोले मलाई मेरा पूराना पापमय स्वभावहरु क्रूसँमा टॉग्नलाई अनि भलाई प्रेमी अनि दयालू वन्नमा सहायता गर्नुहुन्छ।" (सर्पको नकसालाई फाली दिनुहोस।)

**पाले:** स्वर्गको राज्यमा प्रवेश गर।

यहून्ना 14:15-16 लाई कण्ठ गर्नुहोस।

नानीहरुलाई स्तिफनसको बारेमा नाटक प्रस्तुत गर्न लगाउनुहोस, अनि तयार पारेका प्रश्नहरु सोघ्न लगाउनुहोस।

पवित्र आत्माले हाम्रोनिम्ति गर्नुहुने आठ कुराहरुलाई छल-फल गर्नु होस् (भाग 1)

येशू मर्नभन्दा अघिल्लो रातमा उहाँका दु:खि चेलाहरुलाई उहाँले भन्नुभयो कि उहाँले तिनीहरुलाई छोड्ी जानेछ, बुझाउनुहोस। त्यस पछि सोघ्नुहोस् तिमीहरुले अतिनै माया गरेको व्यक्ति तिमीहरुलाई छोड्ी जाँदैछ भन्दा कस्तो लाग्छ?"

पवित्र आत्मासित येशूको उदेकको चिनारीलाई व्याखा गर्नुहोस यहून्ना 14:15-17 पढ्नुहोस्।

- येशुले तिनीहरुलाई भन्नुभयो, उहाँले तिनीहरुलाई एकलो छोड्नु हुन्न, उहाँले एक शान्तीदाता पठाउँदै हुनुहुन्थ्यो।
- येशुले प्रतिज्ञा गर्नुभयो, "म तिमीहरुलाई टुहुरा छोड्ने छैन्; म तिमीहरुकहाँ आउनेछु।" (यूहन्ना 14:18)।

- यूहन्ना 16:13-15 पढ्वोस। येशुले भन्नुभयो, म र पिता एकै हौ" यूहन्ना 10:30 मा। उहाँले यो पनि भन्नु भएको थियो म र पवित्र आत्मा एकै हौ।" पिता परमेश्वर, पुत्र परमेश्वर अनि पवित्र आत्मा परमेश्वर, भिन्दा भिन्दै व्यक्तिहरु भएता पनि एउटै सार हुन्, त्रीएक परमेश्वरमा संयुक्त।

प्रभु भोज परिचय गर्नलाई, पुरानो नियममा पुजाहारीहरुले सन्दुकमा परमेश्वरको अघि उपस्थित भएर पवित्र रोटी कसरी बांटदथे बुझाउनु होस् (प्रस्थान 25:30) हामी पनि अहिले परमेश्वर को सामने रोटी खानेछौ, अनि स्वर्गमा पनि "थूमाको विवाहको भोज" मा फेरी यसै गर्नेछौं।

# परमेश्वरको पवित्र आत्माले हामीलाई परिवर्तन गर्दछ अनि असल बनाउँदछ

**प्रार्थना:** "प्रिय बुवा, नानीहरुले तपाईलाई असल प्रकारेले चिन्नमा सहायता पुरयाउनु यस अध्ययनलाई प्रयोग गर्नुहोस्। जसै तपाईको पवित्र आत्माले तिनीहरुलाई परिवर्तन अनि अगुवाई गर्ने छन्, चलाउनु होस्।"

नानीहरुको खाँचो अनुसार अनि स्थानीय रिवाजमा सुहाउँदो क्रिया कलाप चुन्नुहोस।

प्रेरित 6:8-15 अति 7:51-60 देखि स्तिफनसको प्राणोत्सर्गको कथा पढ़ेर यो पाठ तयार पार्नुहोस। परमेश्वरले स्तिफनसलाई ख्रीष्टको निम्ति एउटा साहासालो गवाही कसरी बनाउनु भयो, स्तिफनसले के भने अनि यहूदी नेताहरुको प्रतिक्रिया पत्तो लगाउनुहोस्।



ठूला नानीहरुलाई कथा सुनाउन तयार पार्नुदोस। त्यसपछि नानीहरुलाई सोध्नु होस्:

- स्तिफनस कस्तो किसिमका मानिस थिए?
- कतिजना नेताहरुले मानिसहरुलाई गुप्तमा स्तिफनसको बारेमा किन झूट बोल्न सुराए?
- स्तिफनस मर्नमन्दा अघि तिनको अनुहार कस्तो देखिन्थ्यो?
- स्तिफनसले मर्नभन्दा अघि कसलाई देखे?
- कति मानिसहरु स्तिफनस सित किन रिसाएका थिए?
- स्तिफनसको अन्तिम शब्द के थियो?

**गलत दोषारोपणको कष्ट।**

- नानीहरुलाई यस्तो समयको सझना गर्नलाउनुहोस् जब कसैले तिनीहरुको बारेमा झूठ बोलेका थिए, जो तिनीहरुले गरेका थिएनन् तर गरे भनेका थिए।
- सोध्नु, होस् गलत दोषलगाग्द कस्तो लागेको थियो, अनि तिनीहरुले के गरे।

स्तिफनसको प्राणोत्सर्गको कथालाई नाटकमा ल्याउनुहोस्। कथालाई पूर्वभिनय गर्नुहोस अनि आरधना को समयमा प्रौढ़हरुलाई प्रस्तुत गर्नु होस्। ठूला नानीहरुलाई सावल र स्तिफनसको पाठहरु दिनुहोस अनि साना नानीहरुलाई विबादकहरुको पाठ दिनुहोस्।

**सावल:** "म प्रेरित पावल हूँ। भैले रव्रीष्टलाई चित्र मन्दा अघि मैले केहिकुरो देखेको तिमीलाई बताउन चाहन्छु जुन समयमा मलाई सावल भन्थे।" (प्रेरित 6:8 देखि पद 11 को पहिलो भाग सम्म पढ़नू होस्।)

**स्तिफनसः** (एक छेउमा उभिन्छ)

**अभियोक्ता 1:** (रिसले कराउँछ, स्तिफनसलाई औंल्याउँदै) “स्तिफनसले परमेश्वर अनि मोशाको विरुद्धमा ईश्वर निन्दा गरेका हामीले सुनेकाछौं।”

**अभियोक्ता 2:** (असन्तुष्टता प्रकट गदैं रिसमा काराउँछ प्रेरित 6:13–14 मा झै)

**सावलः** (प्रेरित 6:15 अति 7:1 पढ्नुहोस्

**स्तिफनसः** (प्रेरित 7:2–3) मा भएको स्तिफनसको शब्दहरु पढ्नुहोस)

**सावलः** “स्तिफनसले इस्राएलको इतिहास छोटकरीमा बुझाउँदछ।”

**स्तिकनसः** (प्रेरित 7:51–52 पढ्नुहोस्)

**सावल** (प्रेरित 7:54–55 पढ्नुहोस्)

**स्तिफनसः** (माथि औंलाले देखाएर कराउँदै प्रेरित 7:56)मा स्तिफनसको शब्दहरू भान्नुहोस्

**अभियोक्ताहरुः** दगुर्दै गएर स्तिफनसलाई कमराको एक कुना बाट तानेर ल्याउँछ)

**सावलः** प्रेरित 7:57–58 बुझाउनुहास् कि “सावल” तपाई हुनुहुन्थयो।)

**अभियोक्ताहरुः** स्तिफनस माथि दूंगा लोहोरयाएको वहना गर्नुहोस।

**स्तिफनसः** प्रेरित 7:56–60 मा स्तिफनसको शब्दहरु पढ्नोस्।

पवित्र आत्माले स्तिफनसलाई के गर्नमा योग्य बनाए त्यस बारे नानीहरुले तयार पारेका प्रश्नहरु प्रौढहरुलाई सोधुन्। भाग 1 मा भएका प्रश्नहरु प्रयोग गरे हुन्छ।

**कविताः** तीन जना नानीहरुलाई यशैया 61:1–2 को तीन भाग सुनाउनलाई अभ्यास गराउनु होस्। यो प्रौढ़हरुलाई सुनाए हुन्छ।


परमप्रभु परमेश्वरको आत्मा ममाथिछ,
किनकी नम्रहरुलाई सुसमाचार सुनाउनुलाई
परमप्रभुले भलाई अभिषेक गर्नुभएको छ।

मन भाँचिएकाहरुको हृदयलाई निकोपार्नलाई
कैदमा परकाहरुलाई स्वतन्त्रता र बन्धनमा परेकाहरुलाई
छुटकाराको घोषणा गर्नलाई पठाउनुभएको छ।

परप्रभुको ग्रहणयोग्य बर्ष र
हाम्रा परमेश्वरको बदला दिने दिनको घोषणागर्नलाई।

पवित्र आत्माको कामलाई दृष्टान्त दिएर बुझाउनु होस्।

- एउटा चुट्टिएको साँड.लोको चित्र नानीहरुलाई कोर्ण लगाउनु होस र पवित्र आत्माले के गदर्छ भनि चित्रले दृष्टान्त दिन सकोस्।



यूहन्ना 20:22 कण्ठ पार्नु होस्। ठूला नानीहरुले एफिसी 1:13,14 कण्ठ गरुन्।

आत्माको फललाई बुझाउनुहोस्। गलाती 5:19-25 पढ्नोस्।

शरीरका बुरो कामहरुको उदाहरणा दिएर बुझाउनु होस्, (पाप कर्महरु) अनि तल दिएका झै पवित्र आत्माको विपरीत गुणहरु तिनीहरुमा पछि उत्पन्न हुँदछ भनि बुझाउनु होस्:

## शरीरका कामहरु अनि आत्माका फलहरु

शरीरका काम: पापको कारण मानसिहरुले दृष्ट कुरो गर्न चाहन्छन्। गलाती 5:19-21

व्यविचार! दाऊदले अर्को मानिसको स्वास्नी चाहन्थे।

अशुद्धता, व्यभिचारिता, उड्ता पुत्रले बुरो जीवन बिताए।

मुर्तिपूजक, टूना-मूना। एज्राका मानिसहरुले निष्क्रिय मुर्तिबाट शान्ती खोजे।

घृणा। सावलले विश्वासीहरुलाई घृणा गर्दथे अनि तिनीहरुलाई सताउने गर्थे।

मतभेद, ईर्ष्या। यहूदाले तिनको भाई यूसुफलाई आरिशले गर्दा एउटा दास जस्तै बेचीदिए।

रीसको मुक्का। यूहन्नाले शत्रुहरुलाई नाश पार्न आगो चाहन्थे।

स्वार्थ इच्छा। याकूबले पैतृक द्यन लिनलाई एसावलाई छले।

मतभेद, फाटो, ईर्ष्या। विश्वासीहरु एन्टीओकमा विभाजन भएका थिए।

मदोन्मत्तता, नैशोत्सव। कोरिन्थीकाहरुमा यी आदत थिए।

आत्माका फल। असल काम गर्नलाई पवित्र आत्माले मदत गर्नुहुन्छ। गलाती 5:22-23

प्रेम। दाऊदले पश्चाताप गरे, परमेश्वरलाई साँचो प्रेम गरे। 2 शमुएल 11; भजनसंग्रह 51

आनन्दा जब तिनले पश्चताप गरे आनन्द पाए अनि फर्के, लूका 15:11-‘32

शान्ती। एज्राले यहूदीहरुलाई परमेश्वरमा शान्ती खाज्न मदत गरे। एज्रा 9

धिरज। सावलले दूरव्यवहार भोग्न सिके। प्रेरित 9

दया यहूदाले पछि घेरै महान दया देखाए। उत्पत्ती 37 र 44

उदरता। यूहन्नाले पछि बाट द्यैरै उदारता देखाए। यूहन्ना 9:54

विश्वास। याकूबले आफैलाई मदत पुर्‍याउन परमेश्वरमा भरोसा राखे। उत्पत्ती 25:29-34 अनि अध्याय 27 अति 47

नम्रता। विश्वासीहरुले एन्टीआकेमा एकता पाए। प्रेरित 15

आत्म संयम। कोरिन्थीकाहरु द्योइए अनि पवित्र आत्माले शुद्धपारिए। कोरिन्थी 6:9-11

# चरित्र परिवर्तन

## अय्यूब अनि अन्य व्यक्तिहरुले ईश्वरीय गुणमा बड्ने नमुना देखाए

नानीहरुलाई सिकाउनले अध्ययन सी 1 ख पढ्नु पछे।

**प्रार्थना।** "पिता, मैले गोठालो गरेकाहरु मलाई अनि ख्रीष्टमा बड्न मदत पुर्‍याउनलाई यास अध्ययनलाई प्रयोग गर्नुहोस्।

**1. ख्रीष्टको झै चरित्र बनाउनलाई तयारी**

**पृष्टभूमि।**

अय्यूबले असहनीय कष्ट भोगे त्यस बारे ईश्वरसित वार्तालाप गरे, अनि परमेश्वर प्रतिको विश्वासमा स्थिर बनी रहे।

अय्यूब एक धार्मिक व्यक्ति थिए, तर तिनले अझै सिक्नु थियो, कारण तिनले सर्वशक्तिमान परमेश्वरलाई उहाँके रहस्यमय तरिकाले काम गर्न दिनु थियो।

कष्टमा धिरज अनि विश्वाससित रहनु ईश्वरीय गुणलाई बृद्धि गर्दछ।

अय्यूबको मित्रहरुको अभियोग जो तिनी माथि लगाइएका थिए त्यसले यो दर्शाउँदछ कि साधरण हप्काइले मात्र कसैको उन्नतीमा मदत गर्दैन। केही गोठालाहरुले अय्यूबको मुर्ख मित्रहरुले गरे झैं मानिसहरुलाई असल बनाउनमा जोड् गर्दछन्। तिनीहरुले अय्यूबलाई हप्काए अनि तिनलाई दोषी ठहराउने कोशिष गरे। इसाईहरुले पवित्र आत्माको शक्तिमा एकार्काको सेवा गर्न अनि मानिसहरुलाई ईश्वर चिनाउनमा मदत गर्नै पर्छ।



**अय्यूबको किताब 1 अध्ययमा यी सत्यताहरुलाई पत्तो लगाउनुहोसः**

प्रकाश 12:10 ले शैतानलाई हाम्रा भक्तहरुलाई दोष लगाउने किन भन्दछ।

अय्यूबको विश्वास अनि चरित्रलाई जाँच गर्न परमेश्वरले शैतानलाई के गर्नदिनु भयो।

**अध्याय 2 मा पत्तो लगाउनुहोस्ः**

अय्यूबलाई घ्रेरै कष्ट दिनलाई परमेश्वरले शैतानलाई अनुमती दिए।

अय्यूबका तीन मित्रहरुको नाम भन्नुहोस जसले तिनलाई सान्त्वना दिनलाई आएका थिए।

अय्यूबले उसको जन्ममा के भएको इच्छा गरेथे अध्याय 3 मा पत्तो लगाउनुहोस।

एलीपजले अय्यूबको कष्टको कारण के थियो भनेका थिए अध्याय 4-5 मा पत्तो लगाउनु होस।

*[उत्तर: हेर्नुहोस 4:7-8। कुनै व्यक्तिहरु जस्तै जस्ले अरुलाई अभियोग लाउँछन् अनि न्याय गर्दछन्,*

*त्यसरी नै एलीपजले अय्यूबको कष्टलाई गलत ठानेका थिए किनभने परमेश्वरले नै अय्यूब भित्र कुनै दुष्ट सजाइ दिँदै हुनुहुन्थ्यो।]*

**अध्याय 6-11 मा पत्तो लगाउनुहोसः**

एलीपजको सल्लाहलाई अय्यूबले के सम्झे, 6:21-30 मा।

अय्यूबको उत्तरलाई बिल्ददले के सम्झे। 8 अध्ययको पद 2 हेर्नुहोस्।

अय्यूबले आफ्नो जीवनको बारेमा के सम्झे 9-10 अध्ययमा।

अय्यूबको मित्रहरुले तिनलाई के गरेका चाहन्थे 10:20-22 मा

सोपरले अय्यूबको कष्टको कारण के थियो भनिठानेका थिए,

अध्याय 11 मा। (पद 13-15 हेर्नुहोस)

अय्युबले तिनका तीन मित्रहरुको सल्लाहलाई के समझे, अय्यूब 12:1-2 मा।

12-31 अध्यायमा चार व्यक्तिहरुले दोस्रो पल्ट बहस गर्दछ पत्तो लगाउनुहोसः

अय्यूबले तिनका तीन मित्रहरुको सल्लाहलाई के सम्झे, अय्यूब 12:1-3मा।

अय्यूबको अन्तिम आशा, 19:23-27 मा।

परमेश्वर आँधीबेह्री बाट बोल्नु भयो, अय्यूबलाई कड़ा प्रश्नहरु गर्नुभयो। पत्तो लगाउनुहोस्ः



ती तीन सल्लाहकारहरुको बारेमा परमेश्वरले के समझनु भयो 38:1-3मा

अय्यूबको अज्ञानतालाई जाहेर गर्नलाई परमेश्वरले अय्यूबलाई के प्रश्नगर्नु भयो, 38:4-5मा।

एलीपज आइपुग्दछ, 32-37 अध्यायमा। तिनी तीन बृद्ध मानिसहरुसित किन रिसाएका थिए, 32:3-10 मा हेर्नुहोस्।

42 अध्यायबाट अन्तिम नतिजा प्रकाश हुँदछ। पत्तो लगाउनुहोस्ः

अय्यूबलाई आफ्नो व्यवहारको परिवर्तन अनि आफ्नै बारे कस्तो लागे 42:1-6 मा।

परमेश्वर ती तीन बृद्ध मानिसहरुसित किन क्रोधित बन्नुभयो अनि तिनीहरुलाई के गर्नु भनि भन्नुभयो, 42:7-8 मा।

अन्तिम परिणाम के थियो, 42:10-17 मा।

ख्रीष्टको निम्ति कष्टको घेरै परिणामहरु, 1 पत्रुस 1:3-9 पत्तो लगाउनुहोस्।

**2. साता भरी गरिने क्रियाकलापहरुको योजना**

मानिसहरुलाई तिनीहरुको पापहरुको स्वीकार परमेश्वरमा गर्न अनि उहाँको जोरदार परिवर्तनको शक्तिको निम्ति उत्साह दिनुहोस्।

**3. आउने आरधनाको समयको योजना सहकर्मीहरुसित बनाउनु होस्।**

दाऊदले सावललाई क्षमा गरेको बारेमा नानीहरुले तयार पारेका नाटक अनि प्रश्नहरु प्रस्तुत गरुन।

अय्यूबमा भएको मुख्य कुराहरुलाई फेरि विचार गर्नुहोस वा अभिनय गर्नुहोस (भाग 1)। तपाईले जे

पाउनु हुन्छ त्यसबारे प्रश्नहरु गर्नुहोस।

यी विषयहरु छल–फल गर्न, प्रार्थना गर्न, क्रियाकलापहरु को योजना बनाउन अनि एकार्कालाई मदत गर्न स–साना झूण्डहरु बनाउनुहोस्।

गलाती 5:22–23 कण्ठस्थ गर्नुहोस।

प्रभुभोज परिचय गर्नलाई अय्यूबले तिनको सल्लाहकारहरुको निम्ति कसरी रगतको बलिदान चढ़ाए बाताउनु होस्, अय्यूब 42:7–8। यो पनि बुझाउनु होस कि ख्रीष्ट को रगतले हाम्रा सबै अश्लील आचरणलाई पनि ढाकनु हुन्छ।

बाइबलमा भएको जीवन "देह" लाई बुझाउनुहोस्।

- धर्मशास्त्रमा ईश्वरीय चरित्र बनाउनु एक समुह प्रयास हो। हामी एकलैले गर्न सकदैनौ।
- प्रेममा एउटाले अर्कोलाई सहायता गर्न अनि सेवा गर्नलाई पवित्र आत्माले हामीलाई वरदानहरु दिनु हुनेछ। (1 कोरिन्थी 12 र 13 अध्याय)
- हामीले विश्वासीहरुको समितिमा अनि अरुलाई सेवा दिन जसै सम्मिलित हुन्छौं हामी चरित्रमा बढ़दछौ। उदाहरणको लागी, मदको आदतलाई जित्नको निम्ति आफैले अरुलाई पनि मदत गर्नु पछे।

कत्ति मानिसहरुले साधरण पशुहरुझै खराब र असल गुणहरु देखउँछन् भनि बुझाउनुहोस्।

| कत्ति मानिसहरुले यसप्रकारको क्रिया गर्दछन्... | जब पवित्र आत्माको वास्ता गर्दैनन्... | जब तिनीहरु पवित्र आत्माले भरिएका हुन्छन्... |
|---|---|---|
| शक्तिशाली साँढहरु, पावल झैं:  | स्तिफनसलाई दुंगाले लोहोरयाएर मार्दा अनि विश्वासीहरुको खेदो गर्दा पावलले भागलिए | पावलले बगालहरुलाई बटुल्न, गोठालाहरुलाई प्रशिक्षण दिन अनि वचनलाई अन्यजाती झूण्डहरुमा पुरथाउनु अवरोधहरुलाई पछिबाट विरोध गरे। |
| कुकुरको छाउरो झै भुकने पत्रुस जस्तै  | पत्रुस प्राय: सह्रै हतारेर बोल्थे; तिनले येशुको मृत्युको योजनालाई विरोध जनाएका थिए अनि उहाँलाई इन्कार पनि गरे। | पत्रुसले पछिबाट शक्तिको साथमा येशुलाई उच्च पारे अनि घेरैलाई पश्चताप गराएर विश्वासमा डोरयाए। |
| दुरदर्शी चिल, दाऊद झै:  | दाऊदले तिनको सेनाहरु छल गरेर गन्ती गरे, जसले गर्दा रोग आए अनि उरियाको स्वास्नी प्रति अभिलासामा परे। | दाऊदले सुन्दर भजनहरु लेखे, नया मन्दिरको योजना बनाए, अनि अनन्तराज्यमा विश्वास राखे। |
| स्थिर कामगर्ने घोड़ाहरु, अय्यूब जस्तै:  | अय्यूबले भोग्न परेको कष्ट लाई प्रश्न गरे अनि परमेश्वरसित वहस गरे। | तरै पनि महा कष्टको समयमा अय्यूबले परमेश्वरमा दह्रो विश्वास राखे, अनि तिनले प्रश्न गरेकोमा पश्चताप गरे। |

# दाऊदले तिनको बुरो शत्रुहरुलाई क्षमा गरे

नानीहरुको उमेर अनि खाँचोहरुलाई सुहाउने क्रियाकलापहरु चुन्नुहोस तपाईले जुनसुकै हिसाबमा गरे पनि हुन्छ।

**प्रार्थना।** "प्रिय प्रभु, हामीलाई तपाईझैं पवित्र भएको चाहनुहुन्छ, पूर्ण सुद्धता अनि प्रेम। तपाईको आत्माको शक्तिद्वारा तपाईले चाहनु भएको व्यक्ति बन्नलाई दाऊदको उदाहरणबाट सिकाउनलाई मदत गर्नुहोस। हाम्रा पापहरु क्षमा गरिदिनु हवस अनि दाऊद झै हामीले पनि अरुलाई क्षमा गर्नमा मदत गर्नुहोस्, आमेन।"

सिकाउनलाई तयारी पार्नुहोस। स्वर्गको बारेमा प्रकाश 7:9-17 मा पढ्नुहोस; जहाँ हामीले सेता पोशाकहरु लगाउनेछौं।



यहाँ देखाएको जस्तै एउटा पोशाकको चित्र कोर्नु होस अनि नानीहरुलाई नकल गर्न लाउनु होस्।

- परमेश्वरले हामीलाई उहाँको पवित्रता अनि प्रेमले ओड़ाउन चाहनुहुन्छ भनि पोशाकले दर्शाउँदछ।
- परमेश्वरले हामीलाई सेतो पोषाक दिनु हुनेछ जसले यो दशीउँदछ कि उहाँल कसरी हामीलाई पवित्र शुद्ध अनि उहाँको नजरमा योग्य हुनलाई बनाउनु भएको छ।
- दाउदले तिनको शत्रु सावललाई कसरी क्षमा गरे स्मृति द्वारा भन्नुहोस वा पढ्नुहोस् (1 शामुएल 24:1-22)।
- ठूला नानीहरुलाई यो कथा पढ्न वा स्मृति द्वारा भन्नलाई अगावै तयार पार्नुहोस।
- कथा भन्नभन्दा अघि, दाऊदले कुन आदरपूर्ण तरीकाले तिनको शत्रुलाई ग्रहणगरे त्यो पत्तो लगाउनलाई ध्यानसित सुन्ने आग्रह गर्नुहोस।

**नानीहरुलाई सोध्नुहोसः**

- दुष्ट राजा सावलले दाऊदलाई के गर्न चाहन्थे?
- दाऊदले तिनका शत्रु राजा सावललाई मार्ने कस्तो मौका पाएका थिए?
- के दाऊदले तिनका शत्रु माथि बदला लिए?
- के दाऊदले बल जफतीको साथमा इस्राएलका राजा हुन चाहे?
- दाऊदले सावल राजाको जीवनलाई छोड़िदिए पछि राजाले दाऊदलाई कस्ता किसमको व्यक्ति हो भने?
- दाऊदलाई मार्ने कोशिष बारे पछि सावललाई किन दु:ख लाग्यो?

साना नानीहरुलाई मत्ति 5:44 कण्ठ गर्न लगाउनुहोस।

ठूला नानीहरुलाई गलाती 5:22 र 23 कण्ठस्थ गर्न लगाउनुहोस।

**कविताः** तीन जना नानीहरुले भजनसंग्रह 15:1,2 र 3 एक-एक पद गरी सुनाउनेछन्

दाऊदले सावललाई क्षमा दिएको नाटक गर्नुहोस् (1 शामुएल 24 अध्याय)

- आराधनाको समयमा प्रौढ़हरुलाई नाटक प्रस्तुतगर्नलाई अभ्यास गराउनुहोस्।
- यो अभ्यास नानीहरुको निम्ति एउटा शिक्षा हुन सकोस्।
- हुन सकछ भने, एक वा दुई मानिहरुले सिपाहीको पाठ गर्नलाई सामेल होइदिऊन।
- यदि नानीहरुले दाऊद, सिपाही अनि सावलले के भने त्यसलाई कल्पना गर्न सक्छन् भने तल लेखिएकालाई सिमित नराख्नु होस्। नानीहरुले तिनीहरुको आफ्नै शब्दहरुमा सावल अनि दाऊदले भनेका कुराहरू बोल्न दिनु होस्।
- ठूला नानीहरुले सानाहरुलाई तयार गर्नमा सहयोग गरुन।
- नाटक सिद्धिए पछि, नानीहरुले यसवारे प्रौढ़हरुलाई प्रश्न गरुन्।
- ठूला नानीहरुले यी पाठहरु गरुन्

  **सावल।** एउटा च्यादरलाई लबेदा जस्तै गरेर ओढ़नु

  **दाऊद** (ठूला नानीले खेलुन)। काठ वा गद्दाको तरवार तयार पार्नुहोस अनि सावलको लबेदा को रंग जस्तै एउटा लुगाको टुकरा तयार पार्नुहोस र तिम्रो तरवारले सावलको लवेदा काटेको बहना नगरिञ्जेल सम्म साथमा राख्नुहोस।

- सावलको सिपाही (साना नानीहरुले खेले हुन्छ, प्रौढ़ वा ठूला नानीहरु पनि सिपाही वन्न सक्छन्।
- दाऊदका सिपाहीहरु (साना नानीहरु; प्रौढ़ अनि ठूला नानीहरुले पनि भाग लिन सक्छन्)

**नाटक**

**दाऊद अनि तिनका सिपाहीहरुः** सावल देखि लुक्दछ। कुर्सीको पछि कुप्रेर घोप्टो परि बस्दछ जसले एउटा झाड़ीलाई प्रतिनिधित्व गर्दछ, कोठाको एक छेवमा।

**सावलः** आफ्नो सिपाहीहरुलाई दाऊद लुकेको नजिक लैजानु तर त्यो झाड़ी तर्फ नजर नलगाई यता-उता मात्र हेर्नु। कराऊ, मेरा सहासिलो सिपाहीहरु सुन! म दाऊदलाई घृणा गर्छु। मानिसहरुले तिनलाई म भन्दा बड़ी रुचाउँछन तर म राजा हूँ। म राजा सावल हूँ। जाऊ दाऊदको पत्तो लगाउं अनि मार। अहिलेनै। तिनलाई मार।"

**सावलका सिपाहीहरुः** राजा सावललाई आदर टक्रयाउँदछन् कराएर "ज्यू हजूर।" ज्यू महाराजधिराज।" "हामी तिनलाई मार्नेछौं।" मेरो विचारमा हामी यत्ता पट्टिबाट लागौं। आऊ।" (दाऊद अनि तिनका सिपाहीहरु जाँदछ। दाऊदलाई खोजे झैं यता उता हिड़्दछ। सावल जहां छ त्यही रहन्छ।)

**सावलः** लबेदा खोल्नु होस् अनि एक छेउमा राख्नुहोस्। लबेदा देखि अर्को पट्टि मुहार राख्नुहोस् अनि आँखा बन्द गर्नुहोस्। सुतेको जस्तै शिरलाई घोड़ामाथि राखेर बस्नु होस्।

**दाऊदका सिपाहीहरुः** दाऊद हेर! तिम्रो शत्रु राजा सावल आराम गरिरहेकाछन्।" "गएर मारौं, दाऊद।"

**दाऊदः** सावलको पछि चाल मारेर जानुहोस हातमा तरवार लिएर।

**दाऊदका सिपाहीहरुः** "त्यसलाई मार्नुहोस्। झट्टै तिनी तपाईको शत्रु हो।"

**दाऊदः** "होइन, म तिनलाई मार्नेछैन्। तिनी इस्राएलका मानिसहरुमाथि परमेश्वरको अभिषिक्त शासनकर्ता

हुनुहुन्छ।"

**दाऊदका सिपाहीहरुः** "उसलाई मार्नोस। अहिले झट्टै।" मौका अहिलेनै हो।"

**दाऊदः** सावलको लबेदाको एक टुक्रा काटेको बहना गुर्नहोस। थामी राख्नुहोस् सिपाहीहरु तर्फ फर्कनुहोस् त्यस पछि सावललाई जोरसित कराउनु होस्, "हेर, मेरा राजा। लबेदाको एक टुक्रा मसित छ, मेरा हातमा। मैले काटेको, तर मैले तिमीलाई मारिन। हेर्नुहोस, म खराबकाम वा विरोध को दोषीछुइन। मैले तपाईको विरुद्ध केहि गरको छैन्, तर तपाईले मलाई मार्न चाहनुहुन्छ।"

**सावल** "के तिमी हौ, दाऊद मरो छोरा? अहो। म दुःखि छु।"


(ऑखाबाट ऑसु पुछनु) "तिमी म मन्दा घेरै धार्मिकछौ। तिमीले मसित असल व्यवहार गर्‍यौ तर मैले तिमीसित कुव्यवहार गरें। परमेश्वले मलाई तिम्रो हातमा सुम्पेका थिए, तर तिमीले मलाई मारेनौ। म अब जान्दछु कि तिमी निश्चयनै इस्राएलका राजा हुनैछौ।

ठूला नानीहरुले अरुलाई क्षमा दिने बारे कविताहरु र गतिहरु रचुन।

# एज्रा परमेश्वरका मानिसहरुलाई पुनर्जीवित पार्नुः

पवित्र आत्मा द्वारा मण्डलीको नवीकरण अनि व्यक्तिगत परिवर्तन

नानीहरुलाई सिकाउनेले अध्ययन आर. 2 ख पढ्नु पर्छ।




## 1. एज्राले गरे झै परमेश्वरको वचनले तपाईको हृदय अनि मनलाई तयार पार्नु होस्।

उहाँको पवित्र आत्मा द्वारा विश्वासीहरुलाई प्रत्येक दिन नवीकरण जीवन तर्फ डोर्‍याउन परमेश्वरलाई गोहार मांग्नुहोस्।

- जीवनलाई परिवर्तन गर्नसकने पवित्र आत्माको शक्ति तपाईको जीवन अनि विश्वासीहरुको जीवनमा आउन भनि प्रार्थना गर्नुहोस।

सर्वशक्तिमान परमेश्वरले तपाईलाई यस्ता थोकहरु देखाईदिऊन जसले नवीकरणलाई रोकेकाछन् त्यस्ता थोकहरुलाई स्वीकार्नुहोस।

प्रायः 800 वर्ष ख्रीष्ट पूर्व जन्ममा एज्रा अनि तिनका सहकर्मीहरुले इस्राएलका मनिसहरुलाई तिनीहरुको पहिलो, संधै रहिरहने राष्ट्रिय नवीकरणमा डोरयाए। परमेश्वरका मानिसहरु अझ पनि पुरानो नियमको कड़ा व्यवस्था मुक्तिनै बसेका थिए। तिनीहरुले गरेका धेरै पापहरु मध्ये एउटा पाप मुर्तिपूजकहरुसित विवाह गर्नु थियो।

एज्रा अनि मानिसहरुले के गरे पत्तो गर्नुहोस एज्रा 9:1–10:6 पढ्नुहोस।

- एज्राले ती पापहरुको निम्ति आफ्नो शोक कसरी प्रकट गरे एज्रा 9:3–4 मा खोज्नुहोस।
- एज्राको पश्चत्तापको प्रार्थना कति गम्भीर थियो, एज्रा 9:5–7 अनि 13–15 पदमा खोज्नुहोस।
- मानिसहरुले तिनीहरुको शोकलाई कसरी प्रकट गरे, एज्रा 10:1 मा पत्तोलाउनु होस्।
- शकन्याहल मानिसहरुलाई के गर्नुपर्छ भनि सल्लाहदिए, एज्रा 10:2–3 मा खोज्नुहोस्।

**नहेम्याह 8:1–9:3** मा कथा छन्।

परमेश्वरका मानिसहरु ध्येरै शहरहरुदेखि आराधना गनेलाई भेला भए।

- परमेश्वरको वचनलाई आदर दिन मानिसहरुले के गरे, नहेम्याह 8:1–3 मा पत्तो लगाउनुहोस।

- मानिसहरुले परमेश्वरलाई धन्यवाद दिनलाई तीन शारीरीक अवस्थालाई चलाए, नहेम्याह 8:5–6 मा पत्ता लगाउनुहोस।
- एज्राले मात्र सिकाएनन्। अन्य शिक्षकहरुले पनि के गरे, नहेम्याह 8:7–8 मा पत्तो लगाउनुहोस
- जसै मानिसहरुले सुने तिनीहरुले के गरे, नहेम्याह 8:9 मा पत्तो लगाउनुहोस्।
- मानिसहरुले के भनेर पश्चत्ताप गरे, नहेम्याह 9:1–3 मा पत्तो लगाउनुहोस।

नयाँ नियमले पनि हामीलाई नवीकरण हुनलाई बताउँदछ।

- हाम्रो जीवनमा नयाँ सृष्टि कसरी प्रारम्भ हुन्छ, यूहन्ना 3:1–6 मा पत्तो गर्नुहोस।
- परमेश्वरको सामने शुद्ध बन्नलाई हामीले पापलाई के गर्नु पर्छ 1 यूहन्ना 1:8–10 मा खोज्नु होस्।
- हामीले गर्नुपर्ने दुई कुरा, 1 पत्रुस 2:1–3 मा पत्तो लाउनुहोस्।
- हामीले दुईकुरो गर्नै पर्छ, रोमी 12:1–2 मा खोज्नुहोस्।

दाऊदको पश्चतापको प्रार्थना भजन संग्रह 51:9–10 लाई कण्ठस्थ पार्नुहोस्।

## 2. साता भरी तपाई अनि विश्वासीहरुले के गर्नु पर्ने सहकर्मीहरुसित योजना बनाउने।

- तपाईको क्षेत्रमा भएका अरु मण्डलीहरु सित मिलेर इस्राएलीहरुले के गरे त्यही गर्न भनी प्रबन्ध मिलाउनलाई योजना गर्नुहोस। एक साथ आराधना गर्नलाई पापको पश्चत्ताप गर्नलाई अनि परमेश्वरको अनन्दमय नवीकरण प्राप्त गर्नलाई योजना बनाउनु होस्।
- जानोस, पवित्र आत्माद्वारा येशुमा तिनीहरुको नवीकरण हुनमा मदत गर्नुहोस अनि जस्को विश्वास सेलाएकाछन् तिनीहरुको परिक्षण गर्नुहोस्।




## 3. आउने आराधनाको योजना तपाईको सहकर्मीहरुसित बनाउनुहोस्

एज्राको कथा पढ्नलाई कसैलाई तयार पार्नुहोस्। तिनले यसलाई स्मृतिबाट भने पनि हुन्छ वा अभिनय गरे हुन्छ।

एज्राको 8 अनि 9 अध्याय बारे भाग 2 मा के पाउनु भयो त्यसबारे प्रश्नहरु सोघ्नुहोस।

प्रार्थना गर्न अनि पापहरुको पश्चत्ताप गर्नलाई सबैलाई निम्तो दिनु होस। तिनीहरुले गुप्तमा गरेका पापहरु जस्तै व्यभिचार छन् भने परमेश्वरमा स्वीकार गर्न लगाउनु होस्।

नयाँ बन्नलाई तिनीहरुले के गर्नुपर्छ बुझाउनु होस्। परमेश्वरका मानिसहरुले त्यसै गर्नैपर्छ जसरी एज्राले तिनका मानिसहरुलाई झुण्डमा गर्नलाई अगुवाई गरे।

- परमेश्वरको वचनलाई ध्यानसित सन्नुहोस् अनि पालन गर्नुहोस्।

- परमेश्वरलाई आफ्नो पाप स्वीकार गर्नुहोस् अनि पवित्र आत्माको सहयोगले ती पापबाट फर्किनुहोस्।
- एकार्कामा अनि परमेश्वरसित गम्भीर वाचा बाँध्नुहोस, ख्रीष्टबाट निरन्तर नवीकरण प्राप्त गर्नलाई निरन्तर पश्चत्ताप गर्न निश्चय गर्नुहोस्।
- परमेश्वरले तिनीहरुलाई नवीकरण गरीदिऊन भनि विश्वासीहरुलाई गम्भीर वाचा बाँध्नलाउनु होस।

एज्रा अनि मानिसहरुले गरे झै विश्वासीहरुलाई पनि एकार्कामा सम्झौता गर्नलाई आग्रह गर्नुहोस।

- तपाईको पापहरु प्रत्येक दिन मानीलिनलाई इच्छुक रहनुहोस् अनि पवित्र आत्मालाई हाम्रो हृदय परिवर्तन गर्न दिनुहोस।
- 2 कोरिन्थी 4:16 कण्ठस्थ पर्ान सबैलाई मदत गर्नुहोस्
- "यसकारण हामी हरेस खाँदैनों, तर हाम्रो बाहिरी मनुष्यत्व नाश भई रहेको हुन्छ, तापनि हाम्रो भित्री मनुष्यत्वचाँहि दिनदिनै नयाँ हुँदै आएको हुन्छ।"

प्रभुभोज परिचय गर्नलाई एज्रा 6:19–21 मा भएको घटनालाई घेटकरीमा भन्नुहोस। बुझाउनुहोस्:

- निस्तार चाड़को थुमा खाएर चाड़ मनाए। आज हाम्रो निस्तार चाड़को थुमा येशू हुनुहुन्छ।
- पूजारीहरुले पहिले विधिपूर्वक पवित्र गरे। आज, हामीहरु हाम्रा पापको स्वीकार द्वारा शुद्ध हुन्छौं।

मानिसहरुले तिनीहरुको मुर्तिपूजक छिमेकीहरुको दुष्ट कामहरु देखि आफूहरुलाई अलग राखे, जसले गर्दा तिनीहरुले निस्तार चाड़को भोज योग्य रितीले खान सके। आज, हामीले एउटाले अर्को प्रति प्रेम देखाएको हुनाले प्रभुको मेसमा योग्य रितीले खाँदछौं।


# सुकेका हाड़हरुको मैदान

## पवित्र आत्माले हामीलाई कसरी नवीकरण गर्नु हुन्छ भनी नानीहरुलाई बुझाउनुहोस

**प्रार्थनाः** “प्रभु हाम्रा नानीहरुलाई यो आश्वासन दिनु होस कि तपाईले तिनीहरुलाई येशुमा, उहाँसितै महिमामा सदा सर्वदालाई मरेकाहरुबाट बिउँत्याउनु हुनेछ।”

नानीहरुले सिक्ने यी क्रियाकलापहरुबाट कुनै चुन्नु होस।

परमेश्वरले इजकिएललाई सुखा हाड़हरु भएको मैदान बारे दिनुभएको दर्शनलाई ठूला नानीलहरु वा शिक्षकले पढ़िदिऊन वा स्मृति द्वारा भनुन् (इजकिएल 37:1–14मा।। नानीहरुलाई पहिले ध्यानपूर्वक सुन्न लगाउनु होस् जसमा तिनीहरुले पत्तो लगाउन सकुन कि कसरी परमेश्वरले इस्राएलाई बचाउनुहुन्छ भनि अंगमवक्ता इजकिएल द्वारा प्रतिज्ञा दिनुभएका थिए।



कथालाई व्याखा गरीसके पश्चात् यी प्रश्नहरु गर्नुहोस। (जरुरत परे मात्र उत्तर भन्नुहोस।)

- अगवक्तालाई हाड़हरुले भरीएको मैदान कसले देखाए?

  उत्तरः पद 2 मा हेर्नुहोस्।

- जब इजकिएलले हड्डीहरुलाई अगमवाणी गरे तिनले के सुने।

  उत्तरः पद 7 मा हेर्नुहोस।

- परमेश्वरको अगभवाणी द्वारा हाड़हरुले सास पाएर के गर्नलागेए?

  उत्तरः पद 10 मा हेर्नुहोस।

- हाड़हरुले केलाई प्रतिनिधित्व गर्दैथे?

  उत्तरहरु पद 12 मा हेर्नुहोस्। यी हाड़हरु उहाँका मानिसहरुका थिए।

- परमेश्वरले के भनेर उहाँका मानिसहरुलाई प्रतिज्ञा दिनुभयो जसमा कि तिनीहरु फेरि बॉच्ने छ?

  उत्तरहरुः पद 14 मा हेर्नुहोस।

**कथाको भागहरुलाई नाटकीय रुप दिनुहोस।**

- यस नाटकलाई प्रस्तुत गर्न मण्डलीका अगुवाहरुसित प्रबन्ध मिलाउनुहोस।

- यसलाई तयार पार्न नानीहरुसित समय बिताउनुहोस्।
- सबै भागहरुलाई तपाईले प्रयोगमा ल्याउनु पर्नेछैन्।,
- ठूला नानीहरु वा प्रौढ़हरुलाई यी पाठहरु खेल्न दिनुहोस:

  **कथक:** कथालाई छोटकरीमा बताउनु अनि नानीहरुले के भन्नुपर्छ याद गिर्नमा सहयोग पुर्‍याउनु होस।

  **परमेश्वरको आवाज**

  **इजकिएल**

- साना नानीहरुले यी भागहरु खेलुन्

  **हाड़हरु!** आँखा बन्द गरेर भूईमा लेटनु।

  **हावा।**

## सुका हाड़हरुको दर्शन

**कथक:** दर्शनलाई इजकिएल 37:1-14 देखि वर्णन गर्नुहोस वा बताउनुहोस्। त्यसपछि भन्नुहोस, “सुन्नुहोस् बाट परमेश्वरले के भन्नुहुँदैछ।”

**परमेश्वरको आवाज:** “इजकिएल, म तिमीलाई मेरा मानिसहरुको भविष्य देखाउन चाहन्छु। यो हाड़हरुले ढाकेको मैदानलाई हेर। के हाड़हरु फेरि जिवीत हुन सकछ र?

**इजकिएल:** “तपाईले मात्र जान्नुहुन्छ प्रभु।”

**परमेश्वरको आवाज:** “तिनीहरुलाई भन कि म यी हाड़हरुलाई बटुलेर तिनीहरुमा सास हालीदिनेछु।”

**इजकिएल:** “सुका हाड़हरु, तिमीहरु जीवित हुनेछौं।”

**हाड़हरु।** कड़ाक कुड़क आवाज गर्नुहोस अनि आखाँबन्द गरेरनै एका अर्कोसंग मिल्नुहोस।

**इजकिएल:** “अब परमेश्वरले तिमीहरुमा उहाँको आत्माको सास हालिदिनेछ अनि तिमीहरु जीवित हुनेछौ।” हावा फुक।

**हवा:** हाड़हरु तर्फ जोड़ले फूक्दछ।

**हाड़हरु:** उफेर सिपाहीहरु जस्तो खड़ा हुनु। भन “परमेश्वरले हामीलाई जीवन दिनुभएकोछ।”

“हामी एउटै सर्वशक्तिमान परमेश्वरलाई प्रशंसा गर्छौं।”

“सर्वशक्तिमानले मरेकालाई उहाँको महिमासितै संधैको निम्ति जीवित पार्नु भएकोछ।”


**कथक वा ठूलो नानी।** नाटकमा सहयोग दिने सबैलाई धन्यवाद दिनु।

**सोघ्नुहोस:** परमेश्वरले हामीलाई दिनुभएको प्रतिज्ञा भविष्यमा पुरा हुनेछ भनि अरु उदाहरणहरु के हुन सकछ? (नानीहरु वा प्रौढ़हरुलाई उदाहरण दिन लगाउनुहोस।)

कङकाल वा हाड़को एउटा ठूलो चित्र बनाउनुहोस्।

- तपाईले बनाउनु भएको नक्सालाई धैरै टुक्रामा काटनु होस् अनि नानीहरुलाई फेरि मिलाउन लगाउनु होस् अल्मल्याउने खेल झै।

- नानीहरुलाई नक्सा नकल गर्न लगाउनुहोस।
- ठूला नानीहरुले सानाहरुलाई गदत गरीदिऊन।
- नानीहरुले तिनीहरुको नक्सा अर्को आराधनाको समयमा प्रौढ़हरुलाई वा घरमा परिवारलाई देखाउन लगाउनुहोस ।
- परमेश्वरको आत्माले जुनै व्यक्तिलाई पनि परिवर्तन गर्न सक्नुहुन्छ त्यो जत्ति नै खराब किन नहोस् भनि हाड़हरुको दृष्टान्तबाट तिनीहरुले बुझाउन।
- हाड़हरुले यो पनि सम्झना दिलाउँछ कि परमेश्वरले हामीलाई मृत्युबाट बिउँत्याउनुहुनेछ महिमामा उहाँसित सदा सर्वदा रहनलाई।



- येशू द्वारामात्र हामीले अनन्तजीवन प्राप्त गर्छौं किनभने उहाँले मात्र हाम्रो बदलीमा भर्नुभयो, हाम्रा पापहरुको क्षति पुर्ती गर्नुभयो, अनि हाम्रो शर्मलाई उहाँ आफूले लिनुभयो। अनि मृत्युबाट बौरी उठनु भयो, हामीलाई उहाँ संग सँगै जीवित पर्नलाई उहाँले हाम्रो निम्ति एउटै मार्ग तयार पार्नु भयो।

  2 इतिहास 7:14 कण्ठस्थ गर्नुहोस।

  **कविता पाठगर्नु:** हुई नानीहरु प्रत्येकले यर्मिया 31:33,34 पद देखि पाठ गरुन्।

  पवत्रि आत्माले कसरी जीवन दिनु हुन्छ भन्ने विषयमा ठूला नानीहरूलो कविता, गीतहरू वा नाटक लेखुन्।

**प्रार्थना:** "प्रिय: प्रभु तपाईमा मात्र सुका हाड़हरुलाई जीवित पार्ने अनि हिड़डुल गराउने सामर्थ्य छन्। हामी मरे पछि तपाईले हामीभित्र जीवनको स्वास हाल्नुहुन्छ। हामी हाम्रा पापहरुको कारण आत्मामा भरेकाछौं तर तपाईले हामीलाई नयाँ पवित्र जीवन जो सदा रहिरन्छ, दिनुहुन्छ।"